# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, वैशाख २३ गते २०३१ साल [संख्या ४


श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले तुम्लिंगटार विमानस्थलमा स्टाफ क्वार्टर, प्रहरी आवास गृह लगायत विभिन्न निर्माण कार्यको लागि कोशी अञ्चल, संखुवासभा जिल्ला, तुम्लिंगटार गाउँ पञ्चायत वडा नं.३ को निम्नलिखित जग्गा थप प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व कित्ता नं. १,२,१२,१३,१५,१६,१७,२०,२१,२२ को बाँकी जग्गाको साँध, पश्चिम विमानस्थलको फेन्सीङ लाईन साँध, उत्तर कित्ता नं. २,४,५,६ को बाँकी जग्गाको साँध, दक्षिण कित्ता नं. २२,२३, २८ को बाँकी जग्गा र कित्ता नं.२९ को जग्गाको साँध यति चार किल्ला-भित्रको कि.नं. १ बाट ०–०–१, कि.नं. २ बाट ७–१४–०, कि.नं. ३ बाट ९–४–० पूरा, कि.नं. ४ बाट १–०–०, कि.नं. ५ बाट १–६–०, कि.नं. ६ बाट ०–५–०, कि.नं. ७ को २–३–० पूरा, कि.नं. ८ को २८–४–० पूरा, कि.नं. ९ को ८–६–० पूरा, कि.नं. १० को ५–१५–० पूरा, कि.नं. ११ को ४–०–० पूरा, कि.नं. १२ बाट ३–१–२, कि.नं. १३ बाट २–४–०, कि.नं.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५ बाट ७–२–०, कि.नं. १६ बाट ८–१–०, कि.नं. १७ बाट १६–४–०, कि.नं. १८ को १–१–३ पूरा, कि.नं. २० बाट ०–१–३, कि.नं. २१ बाट २–६–०, कि.नं. २२ बाट ०–२–२ कि.नं. २३ बाट ३–१४–०, कि.नं. २४ को ७–१–२ पूरा, कि.नं. २५ को ८–११–२ पूरा, कि.नं. २६ को १–१२–० पूरा, कि.नं. २७ को ०–३–० पूरा, कि.नं. २८ बाट १०–१४–० समेत जम्मा मालपोत रू. २२।५५ (बाईस रूपैयाँ पचपन्न पैसा) लाग्ने जम्मा रोपनी १४१–९–३ (एक सय एकचालीस रोपनी नौ आना तीन पैसा) को कित्ता – – – – – – १

पूर्व रन्वेको फेन्सीङ लाइन सिमाना साँध, पश्चिम सिँदूरे डिल साँध, उत्तर अडिमान कुमालको जग्गा साँध, दक्षिण सिँदूरे डिलकै जग्गाको साँध यति चार किल्लाभित्र पर्ने कि.नं. ३१ को ३–४–० पूरा, कि. नं. ३२ को २–७–० पूरा, कि.नं. ३४ को १८–१–० पूरा समेतको मालपोत रू. १।७० (एक रूपैयाँ सत्तरी पैसा) लाग्ने जम्मा जग्गा रोपनी २३–१२–० (तेईस रोपनी बाह्र आना) को जग्गा कित्ता – – – – – – – – – – – १

आज्ञाले–
सहायक रथी खड्गबहादुर सिंह
श्री ५ को सरकारको का.मु. सचिव

३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।